# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, मंसीर २ गते २०५४ साल (संख्या ३१

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मन्त्रीहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०४९ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मिति २०५४।४।१ देखि लागू हुने गरी मन्त्रीहरूको मासिक पारिश्रमिक देहायबमोजिम तोकेको छ ।

| | |
|---|---|
| (क) प्रधानमन्त्री | रू. ११०००।– |
| (ख) उप–प्रधानमन्त्री | रू. ९०००।– |
| (ग) मन्त्री | रू. ८,५००।– |
| (घ) राज्यमन्त्री | रू. ८०००।– |
| (ङ) सहायकमन्त्री | रू. ७,३००।– |

### सूचना २

श्री ५ को सरकारले पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीशहरूको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तसम्बन्धी ऐन, २०४८ को दफा ३४ क. ले दिएको अधिकार प्रयोग गरी पुनरावेदन तथा जिल्ला अदालतका न्यायाधीश-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हरूको मासिक पारिश्रमिक मिति २०५४।४।१ देखि लागू हुने गरी देहायबमोजिम तोकेको छ ।

(क) पुनरावेदन अदालतको मुख्य न्यायाधीश रू ८०००।–

(ख) पुनरावेदन अदालतको न्यायाधीश रू ७,५००।–

(ग) जिल्ला अदालतको न्यायाधीश रू. ६,८६०।–

## सूचना ३

श्री ५ को सरकारले संवैधानिक निकायका प्रमुख पदाधिकारीहरूको मासिक पारिश्रमिक रू.८,०००।– तथा संवैधानिक निकायका पदाधिकारीहरूको मासिक पारिश्रमिक रू. ७,१००।– मिति २०५४।४।१ देखि लागू हुने गरी तोकेकोले संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०५३ को दफा ३ को उपदफा (२) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना ४

श्री ५ को सरकारले मिति २०५४।४।१ देखि लागू हुने गरी राष्ट्रिय योजना आयोगको उपाध्यक्षको मासिक पारिश्रमिक रू. ८,०००। तथा सदस्यहरूको मासिक पारिश्रमिक रू. ७,०००।– तोकेको छ ।

## सूचना ५

श्री ५ को सरकारले महान्यायाधिवक्ताको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५२ को दफा २० ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको अनुसूची– १ को क्र.सं. १ को सट्टा देहायको क्र.सं. १ राखी हेरफेर गरेको छ ।

१. पारिश्रमिक प्रति महिना रू. ८,०००।–

आज्ञाले,
रामविनोद भट्टराई
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना १

वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री नारायणराज तिवारी श्री ५ को सरकारको निर्णयानुसार टर्कीको अन्तालियातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभए सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव श्री रविबहादुर विष्टलाई मिति २०५४।६।२६ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना २

स्वास्थ्य मन्त्रालयका सचिव श्री श्रीराम पौडेल श्रीमतीको उपचारको सिलसिलामा भारतको मुम्बईतर्फ जानुभएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव डा. दुर्गाप्रसाद मानन्धरलाई मिति २०५४।७।४ देखि कायम मुकायम मुकरर गरेको छ।

## सूचना ३

आपूर्ति मन्त्रालयका सचिव श्री भोजराज पोखरेल जनवादी गणतन्त्र चीनको क्यान्टन शहरमा आयोजना हुने व्यापार मेलामा भाग लिन त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०५० को नियम ४३ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव श्री पद्मकुमार आचार्यलाई मिति २०५४।६।३० देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
शम्भुशरणप्रसाद कायस्थ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६५

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०५४।७।४ को निर्णयानुसार नेपाल न्याय सेवा न्याय समूह र सरकारी वकील समूह रा.प. तृतीय श्रेणीका देहायका अधिकृतहरू-लाई देहायबमोजिमको पद र कार्यालयमा सरुवा गरिएको छ।

न्याय सेवा, न्याय समूह

| नाम, थर | सरुवा भएको पद र कार्यालय |
|---|---|
| श्री टेकप्रसाद ढुङ्गाना<br>शाखा अधिकृत, सर्वोच्च अदालत। | निजी सहायक,<br>सर्वोच्च अदालत। |

सरकारी वकील समूह

| नाम, थर | सरुवा भएको पद र कार्यालय |
|---|---|
| श्री हिमालयकुमार त्रिताल<br>शाखा अधिकृत,<br>महान्यायाधिवक्ताको कार्यालय। | जिल्ला सरकारी अधिवक्ता,<br>जिल्ला सरकारी वकील कार्यालय<br>मुगु। |

### सूचना २

श्री ५ को सरकारको मिति २०५४।७।४ को निर्णयानुसार नेपाल न्याय सेवा अन्तर्गत न्याय समूह, सरकारी वकील समूह र कानून समूहका राजपत्राङ्कित तृतीय श्रेणीको पदमा देहायका व्यक्तिहरूलाई एक वर्षको परीक्षणकालमा रहने गरी मिति २०५४।७।१ देखि लागू हुने गरी नियुक्ति गरी देहायबमोजिम पदस्थापन गरिएको छ।

न्याय, समूह

| क्र.सं. | नाम, थर | पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|
| १. | श्री सूर्यबहादुर थापा<br>तनहुँ बुले गौडा–७ | शाखा अधिकृत,<br>सर्वोच्च अदालत। |
| २. | श्री नारायणप्रसाद पौडेल<br>पर्वत खुर्कोट–२ | शाखा अधिकृत,<br>पुनरावेदन अदालत बाग्लुङ, |
| ३. | श्री नारायणप्रसाद पराजुली<br>भोजपुर, चाम्वी–६ | शाखा अधिकृत,<br>पुनरावेदन अदालत, राजविराज<br>ओखलढुङ्गा बेञ्च। |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९९

| | |
|---|---|
| ४. श्री श्यामलाल घिमिरे<br>गुल्मी, नेटा –१ | शाखा अधिकृत,<br>पुनरावेदन अदालत जनकपुर |
| ५. श्री रमेशप्रसाद ज्ञवाली<br>कपिलवस्तु, गजेहडा–८ | निजी सहायक,<br>पुनरावेदन अदालत, महेन्द्रनगर |
| ६. श्री शन्तोषप्रसाद पराजुली<br>धनकुटा, चुङवाङ–८ | शाखा अधिकृत,<br>पुनरावेदन अदालत, राजविराज |
| ७. श्री प्रेमप्रसाद न्यौपाने<br>झापा, बुधवारे–७ | शाखा अधिकृत,<br>सर्वोच्च अदालत |
| ८. श्री प्रल्हादकुमार योगी<br>दाङ, वरिगाउँ–४ | इजलास सहायक,<br>पुनरावेदन अदालत, महेन्द्रनगर |
| ९. श्री प्रकाशप्रसाद पण्डित<br>तनहुँ, व्यास–१ | इजलास सहायक,<br>पुनरावेदन अदालत, पाटन |
| १०. श्री दुर्गाबहादुर भुसाल<br>अर्घाखांची, सन्धिखर्क–८ | निजी सहायक,<br>पुनरावेदन अदालत, सुर्खेत |
| ११. श्री नारायणप्रसाद पण्डित<br>कास्की, लेखनाथ–१५ | इजलास सहायक,<br>पुनरावेदन अदालत महेन्द्रनगर |
| १२. श्री दीनबन्धु वराल<br>स्याङजा, आरूखर्क–६ | शाखा अधिकृत,<br>पुनरावेदन अदालत, दिपायल |
| १३. श्री जितेन्द्रबाबु थपलिया<br>गोरखा, जौवादी–४ | शाखा अधिकृत,<br>पुनरावेदन अदालत, जनकपुर |
| १४. श्री कपिलमणि गौतम<br>गुल्मी, जुमुङ–६ | इजलास सहायक,<br>पुनरावेदन अदालत, दिपायल |

**सरकारी वकील समूह**

| क.सं. नाम, थर | पदस्थापन भएको पद र कार्यालय |
|---|---|
| १. श्री हरिशंकर ज्ञवाली<br>गुल्मी, वकेथान पति–६ | सहायक जिल्ला सरकारी अधिवक्ता,<br>जिल्ला सरकारी वकील कार्यालय,<br>धादिङ |
| २. श्री एकनारायण लम्साल<br>स्याङजा, पुतलीबजार–६ | शाखा, अधिकृत<br>पु.स.व.का., महेन्द्रनगर |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



286

| | |
|---|---|
| ३. श्री कोषहरि निरौला<br>ओखलढुङ्गा, कुइवीर–८ | शाखा अधिकृत.<br>महान्यायाधिवक्ताको कार्यालय |
| ४. श्री यदुनाथ शर्मा<br>पर्वत, खुर्कोट–१ | शाखा अधिकृत,<br>पु.स.व.का., जुम्ला |

कानून समूह

| क्र. सं. नाम, थर | पदस्थापन भएको पद र कार्यालय |
|---|---|
| १. श्री कलानिधि पौड्याल<br>गुल्मी, मरमुङ–८ | शाखा अधिकृत,<br>कानून तथा न्याय मन्त्रालय |
| २. श्री दलबहादुर अधिकारी<br>बाग्लुङ, मुलपानी –२ | शाखा अधिकृत,<br>कानून तथा न्याय मन्त्रालय |
| ३. श्री बलसागर गिरी<br>स्याङ्जा, चण्डिकालिका–६ | शाखा अधिकृत,<br>संसदीय व्यवस्था मन्त्रालय |
| ४. श्री मानबहादुर अर्याल क्षेत्री<br>गुल्मी, हदिनेटा–६ | कानून अधिकृत,<br>कानून तथा न्याय मन्त्रालय |
| ५. श्री खिमानन्द भुसाल<br>बाग्लुङ, ग्वालीचौर – १ | कानून अधिकृत,<br>कानून तथा न्याय मन्त्रालय । |

## सूचना ३

श्री ५ को सरकारको मिति २०५४।७।४ को निर्णयानुसार नेपाल न्याय सेवा अन्तर्गत न्याय समूह, सरकारी वकील समूह र कानून समूहको रा. प. तृतीय श्रेणी शाखा (अधिकृतस्तरका) रिक्त पदहरूमा आन्तरिक प्रतियोगितात्मक परीक्षामा सफल हुनु भएका देहायका रा.प. अनं. प्रथम श्रेणीका कर्मचारीहरूलाई मिति २०५४।७।१ देखि लागू हुने गरी देहायबमोजिमको पद र कार्यालयमा बढुवा पदस्थापन गरिएको छ ।

न्याय समूह

| क्र सं नाम, थर | बढुवा पदस्थापन भएको पद र कार्यालय |
|---|---|
| १. श्री विनोद खतिवडा<br>ना.सु.<br>काठमाडौं जिल्ला अदालत | शाखा अधिकृत,<br>पुनरावेदन अदालत राजविराज । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

२६५

| | |
|---|---|
| २. श्री नारायणप्रसाद ज्ञवाली<br>ना.सु.<br>कपिलवस्तु जिल्ला अदालत | इजलास सहायक,<br>पुनरावेदन अदालत नेपालगञ्ज । |
| ३. श्री पोतप्रसाद अर्याल<br>ना.सु.<br>पुनरावेदन अदालत पोखरा | इजलास सहायक,<br>पुनरावेदन अदालत तुल्सीपुर । |
| ४. श्री हरिहर पौडेल<br>ना.सु.<br>सर्वोच्च अदालत | शाखा अधिकृत,<br>सर्वोच्च अदालत |
| ५. श्री विश्वराज पौडेल<br>ना.सु.<br>सर्वोच्च अदालत | शाखा अधिकृत,<br>सर्वोच्च अदालत । |

**सरकारी वकील समूह**

| नाम, थर | पदस्थापन भएको पद र कार्यालय |
|---|---|
| श्री बाबुराम खनाल<br>ना. सु.<br>स्याङ्जा जिल्ला अदालत | शाखा अधिकृत,<br>पुनरावेदन सरकारी वकील कार्यालय<br>हेटौंडा । |

**कानून समूह**

| नाम, थर | पदस्थापन भएको पद र कार्यालय |
|---|---|
| श्री रामशरण ढकाल<br>ना.सु.<br>सर्वोच्च अदालत | शाखा अधिकृत,<br>अख्तियार दुरूपयोग अनुसन्धान आयोग। |

आज्ञाले,
विश्वमंगल आत्रेय
उप सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२६१

# संसद सचिवालयको सूचना

प्रतिनिधि सभाका माननीय उप–सभामुख श्री रामविलास यादवले आफू मन्त्री पदमा नियुक्त भएको कारण दर्शाई प्रतिनिधि सभाका सम्माननीय सभामुख समक्ष २०५४ साल आश्विन २७ गतेदेखि लागू हुने गरी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ५१ को उप–धारा (४) को खण्ड (ख) बमोजिम उप–सभामुख पदबाट लिखित राजीनाम दिनु भएको छ ।

आज्ञाले,
सूर्यकिरण गुरुङ
प्रतिनिधि सभाको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

260